# कुमार सुब्बाको यादमा

- *कपिल लोहनी **

हालै नेपाल र भारतका केही प्रख्यात साहित्यकार र गायक तथा संगीतकारहरूको निधन एक पछि अर्को गर्दै भयो केही हप्ताको अन्तरालमा। विश्वमा नै ख्याती प्राप्त गरेकी भारतकी नाइन्टिङ्गेल भनेर चिनिएकी गायिका लता मङ्गेश्करको निधन ९२ वर्षको उमेरमा गत सरस्वती पुजा यानी वसन्त पञ्चमीको दिन हुन गयो। पुरै विश्वभरका उनका अनुयायीहरू माझ दिदी भनेर चिनिने लता मङ्गेश्करले विगत ७० वर्षसम्म निरन्तर भारतीय सिनेमाको लागि र अन्य भाषाका गरी करिव ३० हजार भन्दा बढी गीतहरू गाएर विश्व रेकर्ड नै बनाएकी थिइन्। उनले नेपाली फिल्मको निम्ति पनि नेपाली गीतहरू गाएकी थिइन्। उनको निधन भन्दा केही हप्ता मात्र अघि भारतको दार्जिलिङमा बसोबास गर्ने नेपाली मूलका प्रख्यात गायक कुमार सुब्बाको पनि निधन हुन गयो भने, यही हप्ता नेपालका मुर्धन्य साहित्यकार तथा समालोचक डा. तारानाथ शर्माको पनि निधन भयो। त्यस्तै यो हप्ता नै प्रख्यात भारतीय संगीतकार बप्पी लाहिरीको पनि निधन भयो। उनीहरू सबैको निधन प्रति हार्दिक समवेदना प्रकट गर्दै आजको यस लेखमा भने हामी गायक कुमार सुब्बाको बारेमा केही चर्चा गर्ने छौं।

आजभन्दा करिव ७० वर्ष पहिले भारतको पश्चिम वंगालको दार्जिलिङ जिल्लाको थाना लाइनमा एक निम्न मध्यम वर्गीय परिवारमा जन्मेका कुमार सुब्बाले आफ्नो पुरै जीवन दार्जिलिङमा नै बिताए। उनी त्यहाँ लेबुङ भन्ने ठाउँनिरको हरसिंग भन्ने बस्तीमा बसोवास गर्दथे। सानैदेखि संगीतमा समर्पित भएका उनी हार्मोनियम बजाएर गीत गाइराख्न पाउनुलाई नै स्वर्गीय आनन्द भन्ने गर्दथे। उनले उनका अन्तर्वार्ताहरूमा सधैं गीत गाइरहन पाउँ भन्ने गरेका थिए। धेरै नबोल्ने, मृदुभाषी र मझौला काँटीका उनी साधारण कमिज र पाइन्टको पहिरनमा नै अक्सर देखिन्थे भने उनको स्वरमा एक प्रकारको जादु नै थियो। भनिन्छ, मानिसले गीत-संगीतमा माहिर हुन संगीतको ज्ञानका साथै निक्कै धेरै अभ्यास गर्नु जरुरी हुन्छ। अथक मेहनत र अभ्यासको साथै कुमार सुब्बाको स्वरमा एक प्रकारको दैवी शक्ति नै थियो। सायद उनलाई दैवले गायक नै हुन यस धर्तीमा पठाएका थिए। निक्कै भावुक र कठिन संगीतमा लयवद्ध गीतहरू उनी ज्यादै सरल तरिकाले गाएर प्रस्तुत गर्न सक्दथे। त्यसैले पनि उनलाई युवावस्थादेखि नै संगीतकार दाजुभाई कर्म र गोपाल योञ्जनले ज्यादै मन पराएका थिए। कर्म योञ्जन कै संगत र संगीतमा उनले ज्यादातर गीतहरू रेकर्ड गराएका थिए।

नेपाली संगीतकी वरिष्ठ साधिका शान्ति ठटालको शव्दमा कुमार सुब्बा सधैं गाउन मात्रै इच्छा गरि रहने एक कुशल साधक थिए र उनले संगीतमा आफ्नो पुरै जीवन समर्पण गरेका थिए। उनको मृत्युले ज्यादै दुखित तुल्याएको बताउँदै शान्ति दिदीले हालैको एक लेखमा कुमार सुब्बाले गोपाल योञ्जनको शव्द र संगीतमा गाएको *'बिर्सेर गए पनि माया लिएर जाउ, मेरो याद फेरि आउला पत्तो लिएर जाउ'* बोलको गीतले आफुलाई ज्यादै रुवाएको कुरा लेखेकी थिइन्। प्रख्यात नाटककार तथा गीतकार मनबहादुर मुखियाको शव्दमा कुमार सुब्बा एक कुशल गायक थिए। उनी निक्कै अन्तर्मुखी थिए र आफूलाई लागिरहेको कुरा पनि खुला रूपले व्यक्त गर्न सक्दैनथे। तर ज्यादै असल मान्छे थिए र गीत गाउन पाएपछि दिनरातै उज्यालो लागिरहने भाव व्यक्त गर्थे। मनबहादुर मुखियालाई आज पनि कुमार सुब्बाले गीतकार किरण खरेलको शव्द र कर्म योञ्जनको संगीतमा गाएको गीत *'सारा तारा चुँडालेर, आकाश*

*रित्तै पारिदिउँ जस्तो लाग्छ, यस्तो लाग्छ कहिलेकाहीँ, आफैलाई मारिदिउँ जस्तो लाग्छ*'ले ज्यादै मन छुन्छ भनेर हालैको एक पत्रिकामा छापिएको आलेखमा भनेका छन् ।

दार्जिलिङमा सन् १९६० को दशकमा हुने गरेका सांगितिक कार्यक्रमहरूमा गायक कुमार सुब्बा र संगीतकार कर्म योञ्जनका गीतहरूले निक्कै ख्याती प्राप्त गरेका थिए । ख्यातीप्राप्त संगीतकार कर्म योञ्जनको संगीतमा नारायण गोपाल, अरुणा लामा, पेमा लामा, दिलमाया खाती, डेजी बराइली आदिले गीतहरू गाएका छन् । यिनै कर्म योञ्जनको पहलमा नारायण गोपालको भेट उनकी श्रीमती पामेलाका मातापितासँग पहिलो चोटी दार्जिलिङमा भएको थियो र उनैले उनीहरूको बिहे गराई दिएका थिए । कुमार सुब्बाले वरिष्ठ संगीतकार अम्बर गुरुङ, गोपाल योञ्जन, शान्ति ठटाल तथा नारायण गोपाल, अरुणा लामा आदिको सामिप्यमा रहेर पनि काम गर्ने मौका पाएका थिए । उनि नाटककार मनबहादुर मुखियाका निक्कै प्रिय गायक थिए । त्यही समयमा मञ्चन भएका कैयन् प्रख्यात नाटकहरू जस्तै 'सीमा', 'समाधि', 'भुलेको बाटो', 'साँझको तारा', 'त्यो फेरी फर्केला ?', 'युद्ध' आदिमा कुमार सुब्बाको स्वरमा नै गीतहरू रेकर्ड भएका थिए । तर कुमारले खास प्रसिद्धी भने सन् १९७२ को नाटक 'अनि देउराली रुन्छ' का कालजयी गीतहरूबाट पाए । सो नाटकले नेपालमा ज्यादै धेरै ख्याति कमाउन सफल भयो । मनबहादुर मुखियाद्धारा लिखित हाम्रा गाउँघरमा त्यतिबेला हुने गरेका शोषणका घटनाहरूलाई निक्कै रोचक तवरले चित्रण गरिएको सो नाटकमा भएको गीत *'हे फूल चुँडेर लाने हो, यहाँ माली रोएको देख्यौ कि, खुशी मिलनमा मनाउने हो, यहाँ बिछोड भएको देख्यौ कि*'ले दर्शकहरूको मन निक्कै छोएको थियो । त्यस्तै अर्को भावुक गीत *'साराङ्गीको तारले मेरो मनको गीत गाउँछ, लेकदेखि बेँसीसम्म गाइने मीत लाउँछ, राजै गाइने मीत लाउँछ*'ले पनि निक्कै ख्याती कमाएको थियो । सोही नाटकको रोमान्टिक दोहोरी गीत *'देउरालीका ठिटी हो, नक्कल पार्नु पर्दैन, हामीमा जस्तो तन्नेरी खोजेर फेरी पाईँदैन*'लाई पनि दर्शक र श्रोताले आजसम्म मन पराएका छन् । महिनौँसम्म हाउस फुल भएर चलेको यो नाटकको टिकट खरिद गर्न आधा रातमा नै मानिसहरू लाइनमा बस्ने गर्दथे । सो अद्‌भूत नाटकका पार्श्व गायक कुमार सुब्बा र मिरा राणा थिए भने गीतकार मनबहादुर मुखिया र संगीतकार कर्म योञ्जन ।

सन् १९६८ ताका उनले आकाशवाणी रेडियो कर्सियाङमा पनि वरिष्ठ गायकको रूपमा काम गरे । त्यतिबेला उनका गीतहरू हिज मास्टर्स भ्वाइसमा समेत रेकर्ड भएर विक्री हुन थालिसकेका थिए । नाटक 'अनि देउराली रुन्छ'को सफलता पश्चात त उनको ख्याती ह्वात्तै बढ्न गयो । तत्पश्चात उनलाई रत्न रेकर्डिङ संस्थानले बोलाएर उनका केही प्रख्यात गीतहरुको रेकर्ड गरेर विक्री वितरण पनि गरिदियो । साथै रेडियो नेपालमा उनका कैयन् गीतहरू रेकर्ड भए । उता भारतका उत्तर-पुर्वी भेग र आसाम, मेघालयमा पनि उनी धेरै प्रख्यात भए र सिक्किम, दार्जिलिङ, कर्सियाङ, गुवाहाटी रेडियोहरूबाट उनका गीतहरू निरन्तर बज्न थाले ।

सन् १९६० को दशकको अन्त्यतिर राल्फा संगीत समूहको दार्जिलिङमा आयोजित कार्यक्रम ताका यसका एकजना सदस्य मञ्जुलले आफुले लेखेको गीत 'मेरो सानो मुरलीमा मेरो देश नअट्ला'को पाण्डुलिपि कर्म योञ्जनलाई संगीत हाल्न दिएका रहेछन् । पछि सोही गीत कर्म योञ्जनको संगीतमा कुमार सुब्बाले गाएपछि एकाएक सो गीतको लोकप्रियता ह्वात्तै बढ्न गयो । यो गीतको कारण पनि कुमार सुब्बाको ख्याती बढेको हो ।

सन् १९७२ मा प्रख्यात साहित्यकार अगमसिंह गिरीको निधन पश्चात उनको स्मृतिमा वरिष्ठ संगीतकार शान्ति ठटाल र अन्य सर्जकहरूद्वारा दार्जिलिङमा आयोजित एक कार्यक्रममा गिरीकै काव्य 'युद्ध र योद्धा'को एक अंशमा गोपाल योञ्जनले संगीत भरेपछि सो गीत कुमार सुब्बाले दावा ग्याल्मो तथा अन्य गायकहरूको साथमा गाएका थिए । सो प्रख्यात काव्य गिरीले दोश्रो विश्व युद्धमा वीरगति प्राप्त गरेका गोर्खाली फौजको सम्झनामा लेखेका थिए । यो गीत पनि पछिसम्म ज्यादै चर्चित रहन पुग्यो ।

सन् २०१२ मा कुमार सुब्बाले काठमाडौँमा आएर पलेटीको एकल कार्यक्रममा आफ्ना कालजयी गीतहरू प्रस्तुत गरेका थिए । उनले युवावस्थामा गाएको भन्दा पनि यस पटक उनको स्वरमा अझ धेरै परिमार्जन र सुधार भएको कुरा त्यतिबेला श्रोता-दर्शकहरूले महसुस गरेका थिए । यसो हुनुमा संगीत साधनामा उनको अथक लगाव र निरन्तर अभ्यास थियो । उनका गीतहरूको एल्बम म्यूजिक नेपालले पनि उत्पादन गरेको थियो ।

सोही साल मुटुको रोग र मस्तिष्कमा रक्तश्रावका कारण कुमार सुब्बा निक्कै विरामी परेका थिए र उनको बायाँ शरीरमा पक्षाघात हुनुका साथै उनको स्वरमा समेत ठूलो असर पर्न गएको थियो । मुटुमा पेशमेकर जडान गरिएपछि उनी केही समय सिलिगुडीमा आफ्नी छोरीको घरमा बस्न थालेका थिए र उनको स्वास्थ्यमा राम्रो सुधार पनि भएको थियो । तर पनि त्यसपछि उनमा पहिलेको जस्तो जोश र जाँगर रहन सकेन । आखिर करिव ५०० वटा उत्कृष्ठ गीत रेकर्ड गराएका प्रख्यात गायक कुमार सुब्बाको गत माघ १ गते माघे संक्रान्तिको राती पुनः मुटुको व्यथा बल्झिएर उनको निधन हुन पुग्यो र उनी यस धर्तीबाट सदाका लागि बिदा लिएर अनन्तको यात्रामा हिँडे । आज गायक कुमार सुब्बा हाम्रो माझमा नभए पनि उनको स्वरमा रेकर्ड भएका सयौँ कालजयी गीतहरूले भने उनी हामी सामु नै भएको महसुस गराउँछन् हामीलाई ।

स्वर्गीय कुमार सुब्बाजस्तै एकजना शील स्वभावका, थोरै बोल्ने, सरल र असल व्यक्तित्वका धनी तथा हाम्रा परम मित्र इलामवासी प्रसिद्ध गायक कुवेर राईलाई देख्दा र सम्झँदा भने कुमार सुब्बाको झनै झझल्को आउन थाल्दछ । दैवले पनि एउटा असल र कुशल व्यक्तिको अभाव महसुस नहोस् भनेर नै होला हामीलाई गायक कुवेर राईको सामिप्यमा बसिरहने उपमा दिएको ।

*'पन्छी सबै उडेपछि, गुड रित्तै हुन्छ, यो माटोलाई छोडी गए, देउराली यहाँ रुन्छ ।'*

अलबिदा कुमार दाजु ।

* *लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।*

*२०७८ साल फागुन ६ गते*